आर्थिक वर्ष २०७७/०७८ को

**गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी कार्की (बस्नेत) द्वारा प्रस्तुत**

# नीति तथा कार्यक्रम

**मिति : २०७७/०३/१०**

## सोताङ गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

सोताङ, सोलुखुम्बु

१ नं. प्रदेश, नेपाल

आदरणीय गाउँसभाका अध्यक्षज्यू, सम्पूर्ण सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरु नेपालको संविधान (२०७२) ले परिकल्पना गरेको संघीयता कार्यान्वयनको चरणमारहेकोपरिवेशमा "जनता, जनप्रतिनिधि तथा कर्मचारीको एकता, समृद्ध सोताङ निर्माणमा हाम्रो प्रतिवद्धता" भन्ने यस गाउँपालिकाको मूल नारालाई आत्मसाथ गर्दै स्थानीय सरकारबाट चौथो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।विभिन्नसमयमा जनताले शासकीय प्रद्दतीलाई, जनउत्तरदायी, पारदर्शी, मितव्ययी, विकासमूखी, परिमाणमुखी होस् र शासन व्यवस्थामा जनता सार्वभौम बनोस् भन्ने मान्यता स्वरुप आजको यो शासन व्यवस्था चलिरहेको छ फलस्वरुप सोताङ गाउँपालिकाले आफ्नो स्थानिय तहको अधिकार र कर्तव्यको पूर्ण रुपमा अभ्यास गर्दै सुशासनलाई जोड दिएको छ । शासकीय स्वरुपलाई संघर्ष र बलिदानबाट परिवर्तन गराइ आजको यस स्वरुपसम्म ल्याउन राज्यका लागि बलिदानी दिनु हुने ज्ञात, अज्ञात, सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । आगमी दिनमा यस गाउँपालिकाको विकास समृद्धिको लागि महत्वपूर्ण नीति तथा कार्यक्रम बनेको यहाँहरुलाई जानकारी गराउँदै अव म सोताङ गाउँपालिकाको क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेको छु ।

## आगामी आ.व. २०७७/०७८को नीति तथा कार्यक्रमहरु

### क. आर्थिक विकास क्षेत्र :

#### कृषि तथा पशु विकास क्षेत्र

- पशुपक्षिहरुमा लाग्ने परजीवि नियन्त्रण कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका भित्र उत्पादित कृषि उपजको लागि विउ, विजन, प्रविधि वितरणमा वृद्धि गरी किसानहरुकै सहभागितामा कृषि उत्पादन संकलन र विक्री केन्द्र खोलिनेछ । किसानलाई चाहिने सम्पूर्ण कृषि सामग्री, मलखाद औषधि र बैज्ञानिक कृषिको लागि आवश्यक सम्पूर्ण परामर्श सेवाहरु उपलब्ध गराइनेछ ।
- गाउँपालिकाले सञ्चालन गरेको किवी फर्म र बाखापालन संस्थानलाई अझ व्यवस्थित ढंगले सञ्चालन गर्दै गाउँपालिकाको आय श्रोतमा वृद्धिगरिनेछ ।
- कृषिको आधुनिकीकरण र कृषि उपजको वजारीकरणमा योगदान पुऱ्याउन उपयुक्त स्थानमा चिस्यान केन्द्र स्थापना गर्दै कृषिजन्य तथा नगदेवाली उत्पादन तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ । साथै सोताङ गाउँपालिकाले निर्माण गर्ने कृषिमा दिइने अनुदान कार्यविधिले तोके बमोजिम नगदेवालीहरुमा कृषकलाई अनुदान प्रदान गर्ने कार्यक्रम ल्याइनेछ ।
- एक गाउँ एक उत्पादन नारालाई प्रवर्द्धन गर्न सोताङ गाउँपालिकालाई अदुवा, वेसार, आलु र किवी उत्पादनमा अब्बल बनाउन गाउँपालिकाले विशेष पहल लिनेछ ।
- कृषिका लागि आवश्यकसिँचाइको प्रवन्ध मिलाउन हाल सञ्चालनमा रहेका कुलोहरुलाई स्तरोन्नती गर्ने, आवश्यक थप सिँचाइ परियोजनाहरु सञ्चालन गरिनेछ ।
- उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने व्यवस्था गरी कृषि पेशा प्रतिको आकर्षणमा वृद्धि गरिनेछ ।
- गाउँपालिका भित्र रहेका पशु पक्षीहरुलाई आवश्यक खोपको व्यवस्था तथा कृत्रिम गर्भधारण सेवालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र रहेको विपन्न वर्गहरुको पहिचान गरि पशुपालनको माध्यमबाट आय आर्जनमा वृद्धि गर्ने कार्यक्रम ल्याइनेछ ।
- व्यवसायिक कृषि तथा पशु उत्पादनबाट रोजगारी सृजना हुने कर्याक्रमहरु ल्याइनेछ ।

- कृषि तर्फ वाली विभा तथा पशु वीमाको कार्यक्रमहरु ल्याइनेछ ।
- अर्गानिक कृषि उत्पादनमा जोड दिनको लागि प्राङ्गारिक मल उत्पादन वृद्धि गर्न भकारो सुधार कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- विश्वलाई COVID - 19 ले आक्रान्त पारिरहेको अवस्थालाई मध्यनजर गर्दै खाद्य संकट उत्पन्न हुन नदिन स्थनिय बालीहरुको संरक्षण, उत्पादन र उपभोगमा जोड दिइनेछ ।
- विभिन्न अन्न बालीहरुमा हालसालै देखिँदै आएको किराहरु तथा रोगहरु न्युनिकरण गर्न कृषकहरुमाझ कार्यक्रम ल्याइनेछ ।
- पशु स्वास्थ्य घुम्ती शिविर संचालनलाई निरन्तरता दिँदैलगिनेछ ।
- शिवटार वजारमा लाग्ने हटियामा कृषि तथा पशु उपजहरुमा लगाइने करहरुमा छुट दिइनेछ ।

**उद्योग तथा सहकारी क्षेत्र :**

- "गाउँ गाउँमा  सहकारी घरघरमा भकारी" नारालाई आत्मासात गर्दै सहकारीमा आधिक नागरिकहरुको पहुँच पुऱ्याइ कृषिमा योगदान गर्ने सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- उद्योग तथा बाणिज्य क्षेत्र प्रवर्द्धन कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- तीन खम्बे अर्थ नीति (सरकार, सहकारी र नीजि क्षेत्र) लाई अवलम्बन गरी सहकारी मार्फत आर्थिक वृद्धि र विकासमा जोड दिइनेछ ।
- परम्परागत रुपमा संचालित घरेलु उत्पादनहरुलाई प्रवर्द्धन गर्न आनुनिकिकरण गर्दै लगिनेछ ।
- स्थानिय घरेलु उत्पादनमा वृद्धि गर्न तथा लघु उद्योगहरु संचालनको लागि व्यवसायिक तालिम, पुर्नताजगि तालिमहरु संचालन गरिनेछ ।
- लघु उद्योगहरु संचालनको लागि विशेष अनुदानको कार्यक्रमहरु तथा प्रविधि हस्तानतरणको कार्यक्रमहरु ल्याइनेछ ।
- लघु उद्योगहरु तथा स्थानिय घरेलु उद्योगहरुलाई COVID- 19 को कारण लकडाउनले पुर्‍याएको क्षतिको तथ्याङ्क संकलन गरि विशेष राहत तथा पुर्नउत्थानको कार्यक्रम ल्याइनेछ ।

**ख. सामाजिक क्षेत्र :**

**शिक्षा :**

- प्राथमिक तहदेखी नै कम्प्युटर शिक्षालाई अनिवार्य गर्दै लैजाने नीति कार्यान्वयन गरिनेछ।
- विद्यालय शिक्षालाई प्रविधि मैत्री एवम् प्रविधिको आधारमा शिक्षण गर्ने नीति लिइनेछ ।
- विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा प्रविधि मैत्री सामुदायिक पुस्तकालय स्थापनाको लागि विशेष व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा अंग्रेजी र नेपाली दुवै माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- कार्यसम्पादन, नमुना शिक्षण, ICT को उच्चतम प्रयोग तथा सिकाइ उपलब्धिको आधारमा उत्कृष्ट प्रधानाध्यपक, विषय शिक्षक र विद्यार्थीहरु छनौट गरि पुरस्कृत गरिनेछ ।

- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (integrated education system) मार्फत विद्यालयहरुको सम्पूर्ण तथ्याङ्क अध्यावधिक अनिवार्य गराउने र IEMIS को तथ्याङ्क तथा कार्यसम्पदान र औसत सिकाइ उपलब्धिको आधारमा सम्पूर्ण सेवा सुविधा उपलब्ध गराइनेछ ।
- सबै विद्यालयका प्र.अ हरुलाई तथा शिक्षकहरुलाई IEMISमार्फत तथ्याङ्क अध्यावधिक रपरीक्षा सञ्चालन सम्बन्धि तालिम दिलाइनेछ ।
- प्राविधिक शिक्षा स्थापनार्थ आवश्यक पहल गरिनेछ ।
- COVID- 19 बाट गा.पा. भित्रका विद्यार्थीहरुको नियमित पठन पाठन रोकिएको अवस्थामा वैकल्पिक माध्यमहरुबाट पठन पाठनको व्यवस्था गर्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।
- इ.सि.डी शिक्षिकाहरुको सेवा सुविधाहरुमा प्रोत्साहनहरुको कार्यक्रम ल्याइनेछ ।
- स्थानिय भाषाको पाठ्यक्रम विकास गरि लागु गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

**स्वास्थ्य :**

- स्वास्थ्य समूह मार्फत स्वास्थ्य चेतना र अभिवृद्धि गरिनेछ । घुम्ति शिविर सञ्चालन गरिन्छ । सुत्केरी आमा कुपोषण रहित आमा भन्ने नारालाई सार्थक तुल्याउन स्वास्थ्य केन्द्रमा सुत्केरी हुने आमालाई खानाको व्यवस्था गरिनेछ ।
- यस आ.व.भित्र एम्बुलेन्स सञ्चालनको लागि प्रदेश सरकार र संघीय सरकार समक्ष पहल गरिनेछ ।
- विपन्न, गरिव, निमुखा, अल्पसंख्यक, वृद्धवृद्धा, फरक क्षमता भएका, एकल महिला,६० वर्ष माथिका दलितहरु र ७० वर्ष भन्दा माथिका गैर दलितहरुलाई स्वास्थ्य क्षेत्र र औषधोपचारमा सहुलियत प्रदान गरिने कार्यक्रम निरन्तरता दिइनेछ ।
- गर्भवती, सुत्केरी, नवजात, शिशु स्याहार सम्बन्धि सम्पूर्ण सेवाहरु अझ व्यवस्थित गुणस्तरीय पहुँच योग्य बनाउँदै लगिनेछ ।
- प्राथमिक स्थास्थ्यकेन्द्र सोताङमा सञ्चालनमा रहेको सामुदायिक दन्त सेवा, सामुदायिक आँखा क्लिनिकलाई थप सुदृढिकरण गर्दै लगिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालनमा रहेको पोष्टमार्टम सेवा सञ्चालन कार्यलाई निरन्तरता दिदैं व्यवस्थित गर्दै लगिनेछ ।
- गाउँपालिका केन्द्रमा पारी १५ शैयाको व्यवस्थित अस्पताल निर्माणमा पहल गरिनेछ ।
- शल्यक्रिया सहितको प्रसुती सेवा तत्काल सञ्चालनका लागि आवश्यक श्रोतसाधनहरुको व्यवस्थापन गरिनेछ ।
- घुम्ती स्वास्थ्य शिविर सञ्चालन स्वास्थ्य आमासमूहको परिचालन गरि स्थास्थ्य सेवा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिँदै लगिनेछ ।
- महामारी नियन्त्रणका लागि पुर्व तयारी तथा सावधानी अवलम्बन नीति लिइनेछ ।

**संस्कृती तथा पर्यटन :**

- पर्यटन तथा संस्कृती विकासका लागि मन्दिरहरु, पुरातात्वीक बस्तुहरुको खोज तथा व्यवस्थापनमा सहयोग गर्नुका साथै पर्यटकीय स्थलहरुको पहिचान, भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गरिनेछ ।

- ऐतिहासिक महत्व बोकेका पञ्चकन्या कालिका मन्दिर, विष्णुमती हलेषी, गुम्बा पोखरी संरक्षण र संवर्धनलाई निरन्तरता दिँदै लगिनेछ ।
- धार्मिक सांस्कृतिक विविधतालाई सम्पत्तीको रुपमा स्वीकार्दै धार्मिक सहिष्णुता र साँस्कृति रुपान्तरणका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सस्कृती एवं भेषभुषा संरक्षणको लागि सांस्कृतिक संग्राहलय निर्माण गर्ने निती लिइनेछ ।
- समाजमा विद्यमान भेदभाव, कुरिती, कुसंस्कार, अन्धविश्वास, लैगिंक हिंसा, शोषण आदिको अन्त्य गरिनेछ । साथै यस्ता बिविध कारण वा अन्य कारणबाट समाजमा उत्पन्न हुने विवादलाई Win- Win Policyबाट मेलमिलाप विधिद्वारा अन्त्य गरी सामाजिक शान्ति, सु-व्यवस्थापन कायम गरिनेछ ।
- विभिन्न धार्मीक तथा पर्यटकिय स्थलहरुमा पदमार्गहरुको निर्माण कार्यहरुलाई निरन्तरता दिइनेछ ।

**श्रम रोजगार तथा सामाजिक सुरक्षा**

- महिलाहरुलाई आय आर्जनमा टेवा पुग्ने खालका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिदै सचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै लक्षित बर्गको क्षमता विकास एवं रोजगारी मूलक कार्यक्रम सञ्चालन हुनेछ ।
- महिला तथा किशोर किशोरीहरुको जीवन उपयोगी तथा आय आर्जन सम्बन्धि सीप विकास गरी सशक्तिकरण गरिनेछ ।
- हिंसामा परेका, महिला, बालबालिका, किशोरीहरुको पूर्नस्थापना र संरक्षणको लागि घरेलु हिंसा प्रभावितहरुको लागि सेवा केन्द्रको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- सिप सिकेका महिलाहरुको अवस्था हेरी जीवन निर्वाह हुने किसिमका काम गर्न ईच्छुक महिलाहरुलाई कार्यविधि बनाई अनुदानको व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा पूर्नस्थापना हुने तथा सम्मानको  कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- पञ्जीकरणको कार्यहरुलाई अनलाइन प्रविधिबाट दर्ताहरु गर्न सुरुवात गरिनेछ ।
- पञ्जीकरण सम्बन्धि तथा सामाजिक सुरक्षा भत्ता वितरणको कार्यहरुलाई चुस्त दुरुस्त पार्न घुम्ती शिविर सञ्चालन गरि तथ्याङ्कहरुलाई अद्यावधिक गरिनेछ र ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र तथा अपाङ्ता भएका व्यक्तिहरुलाई कार्डहरु घुम्ती शिविर मार्फत वितरण गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत रोजगारमूलक आयोजनाहरु कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु क्रमश रीमुछा सडक सोलिङ, शान्ति मार्ग सडक मर्मत संभार तथा कुम्रु खोला सडक सोलिङ आयोजनाहरु संचालन गरिनेछ ।
- अपाङ्गता सहायता सामाग्रीहरु वितरण गर्ने नीति अवलम्बन गर्दै लगिनेछ ।

**खेलकुद तथा शारिरीक व्यवस्थापन :**

- प्रत्येकसाल झै गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता गाउँपालिका दिवस पारेर खेलाइने खेलहरु व्यवस्थित गराउँदै लगिनेछ ।

- गाउँपालिका खेल मैदान निर्माणलाई निरन्तरता दिदै यस आ.ब. अन्त्य सम्ममा निर्माण कार्य सम्पन्न गरिनेछ ।
- खेलकुदको विकासका लागि गाउँपालिका विभिन्न ठाउँमा खेल सामग्रीको उचित व्यवस्था गरिनेछ ।
- किशोरीहरुका लागि आत्मा रक्षा खेललाई यस वर्षबाट लागु गरिनेछ ।
- गाउँपालिका भित्रका उपयुक्त स्थानको पहिचान गरि खेलकुद कबर्ड हल निर्माण गरिनेछ ।

**खानेपानी तथा सरसफाई :**

- गाउँपालिका भित्रका सम्पूर्ण बासिन्दाहरु माफ स्वच्छ खानेपानी आपुर्तीमा पहल गरिनेछ साथै पानीको सुद्धिकरणमा आवश्यक पहल कदमी कायम गरी पानीजन्य रोग नियन्त्रण गरिनेछ ।
- गाउँपालिका भित्र रहेका वनजङ्गल संरक्षण गरिनेछ, साथै जैविक बिविधता संरक्षण कार्यक्रमलाई अगाडी बढाइनेछ ।
- सोताङ गाउँपालिका शिवटार बजार व्यवस्थापन, ढल व्यवस्थापन,बधशाला व्यवस्थापनलाई बिशेष जोड दिईनेछ ।

## COVID-19 नियन्त्रण तथा व्यवस्थापन :

- COVID-19बाट पर्न सक्ने प्रभावहरुलाई मध्यनजर गरि दैनिक ज्याला मजदुरी गरी जीवन गुजारा गर्ने तथा गरिब असहाय अपाङ्गहरुको लागि राहत वितरणको कार्यक्रमहरु ल्याइनेछ ।
- COVID-19को जोखिमलाई मध्यनजर गर्दै आवश्यक्ता अनुसारको क्वारेन्टीन तथा आइसोलेसन वार्डहरु निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- COVID-19महामारी नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरुको खरिद तथा व्यवस्थापनको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- COVID-19महामारी नियन्त्रणमा अहोरात्र खटिने कर्मचारीहरुको मनोबल उच्च राख्नको लागि विशेष कार्यक्रमको लागि बजेट विनियोजन गरिनेछ ।
- COVID-19बाट रोजगारी गुमाएकाहरुको लागि तथा वैदेशिक रोजगारबाट फर्किएकाहरुको सीप प्रयोग गर्न रोजगारीको कार्यक्रमहरु ल्याइनेछ ।

**ग. पूर्वाधार क्षेत्र :**

- सोताङ गाउँपालिका कार्यालय हालसम्म पनि आफ्नो घर बिहिन भएको र भाडाको घरमा बस्नु परेको अबस्थामा गाउँपालिका भवन निर्माणलाई चालु आ.व.मा सम्पन्न गरिनेछ ।
- पूर्वाधार तर्फको निर्माणाधिन संरचनामा गुणस्तरीयता कायम गर्नका लागि विशेष अनुगमन गरिनेछ साथै पुर्वाधारहरु निर्माण गर्दा दिगो विकासको अवधारण अनुरुप निर्माण गर्ने नीति लिइनेछ ।
- पूर्वाधार तर्फ सडक, खानेपानी, विद्युत, सिँचाइ, ढल आदिलाई व्यवस्थापन गर्न प्राथमिकतामा राखि बजेट विनियोजन गरिनेछ ।

- गाउँपालिका भित्रको सडकको पहुँच नपुगेका स्थानहरुमा सडक सञ्जाल पुऱ्याइनेछ र भएका सडकको स्तर उन्नती गरिनेछ ।
- जलविद्युत उत्पादन हुन सक्ने स्थानहरुको पहिचान गरी सरकार जनताको साझेदारी लगानीमा विद्युत उत्पादन गर्ने पहल गरिनेछ । साथै विद्युत उत्पादनमा बैदेशिक लगानी भित्र्याउन समेत पहल गरिनेछ ।
- गाउँपालिका भित्रका आवश्यक स्थाहरुमा पुल पुलेसा निर्माणलाई जोड दिँदै लगिनेछ ।
- प्रत्येक वडाहरुको स्वास्थ्य केन्द्रहरुको  निर्माण कार्यहरुलाई निरन्तरता दिइनेछ ।
- विभिन्न वडा कार्यालयहरुको प्रशासनिक भवनहरु निर्माणार्थ आवश्यक स्रोतहरु व्यवस्थापन निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र संचालन रहेको लघु जलविद्युतहरुलाई व्यवस्थापन गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका नागरिकहरुले घर निर्माणको लागि नक्सा पास गरि निर्माण गर्न व्यवस्था मिलाइनेछ ।
- सदरमुकाम देखि गाउँपालिका केन्द्रसम्म कालोपत्रे सडक निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकार समक्ष पहल गरिनेछ ।
- गाउँपालिका भित्रको क्रमगत योजनाहरुलाई चालु आ.व.मा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

## घ. वातारण तथा विपद् व्यवस्थापन :

- जलवायु परिवर्तन तथा वातावरण संरक्षण सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- विभिन्न खालका विपद्बाट बच्न र बिपद् व्यवस्थापनका लागि आवश्यक सामग्री तथा तालिम प्राप्त जनशक्ति तयार गर्ने साथै स्थानिय प्रकोप व्यवस्थापन कोषको लागि आवश्यक रकम जम्मा गरिनेछ ।
- सडक किनारामा बोट विरुवा रोप्ने कार्यलाई प्राथमिकताका साथ हेरिनेछ ।
- खाली जग्गामा वृक्षारोपण कार्यक्रमलाई तिब्रता दिइनेछ ।
- बाढी पहिरो नियन्त्रण गर्न श्रोत साधनहरु जुटाउन प्रदेश सरकार तथा संघीय सरकार समक्ष पहल गरिनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास

- पदाधिकारी र कर्मचारीको क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- राजश्व संकलनको लागि गाउँपालिकाको अङ्गहरुलाई सुचारु गराइ आन्तरिक स्रोत आयमा बृद्धि गरिनेछ ।
- सेवा प्रवाहमा सरलता, नविनतम विधि र पद्धतिको अवलम्बन गरिनेछ, साथै जन समर्पित सेवा प्रवाह गरिनेछ ।
- नागरिक वडापत्र सूचना अधिकारी गुनासो सुनुवाई संयन्त्र सार्वजानिक सुनवाई जस्ता सुशासनको सूचकहरुको अवलम्बन गर्दै सेवा प्रवाह प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण आर्थिक कारोबारहरुमा मितव्ययिता अपनाउँदै लगिनेछ ।
- भ्रष्टाचारजन्य प्रबृति रोक्न विशेष सतर्कता अपनाइनेछ ।
- जिम्मेवारी वहन गर्ने उत्कृष्ट कर्मचारीलाई पुरस्कार गर्ने र खराब आचरण भएकालाई प्रचलित कानुन बमोजिम दण्डीत गरिनेछ ।
- गाउँपालिकाको आर्थिक कारोबारलाई प्रचलित नियम कानुन मात्र गरि आर्थिक पारदर्शिता कायम गरिनेछ ।

- अन्य स्थानीय निकाय प्रदेश सरकार र संघीय सरकार सँग समन्वय गरी अगाडी बढ्ने नीति ल्याइनेछ ।

अन्त्यमा यो नीति तथा कार्यक्रम तर्जुमागर्न सहयोग पुऱ्याउनुहुने सम्पुर्णमा हार्दिक धन्यबाद भन्न चाहन्छु ।